**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः ४** **संख्याः २४** **मितिः २०७७/११/२१**

## भाग-१

**धनगढी उप महानगरपालिका**

# धनगढी उप-महानगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०७७

**नगरसभाबाट स्वीकृत मितिः २०७७।११।२१**
**राजपत्रमा प्रकाशन मितिः २०७७।११।२३**

**प्रस्तावनाः**

नगरबासीहरुलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा स्थानीय सरकारको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा १२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम धनगढी उप-महानगरपालिकाको नगर सभाले यो ऐन तर्जुमा गरेको छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

# परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस ऐनको नाम **"धनगढी उप-महानगरपालिका स्वास्थ्य सेवा ऐन, २०७७"** रहेको छ ।

(ख) नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

२.**परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) **"ऐन"** भन्नाले धनगढी उप-महानगरपालिकाको स्वास्थ्य सेवा ऐन २०७७ लाई सम्झनु पर्छ ।

(ख) **"संघीय ऐन"** भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) **"सरकारी वा सामुदायिक"** भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) **"निजी"** भन्नाले सेवाको  सँग सँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।

(च) **"ट्रष्ट वा लोककल्याणकारी"** भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) **"सञ्चालन तथा व्यवस्थापन समिति"** भन्नाले दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

(ज) **"अनुगमन समिति"** भन्नाले दफा ६ अनुसार उप-महानगरपालिकामा गठित स्वास्थ्य अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) **"स्वास्थ्य संस्था"** भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र, आयुर्वेद औषधालय, आयुर्वेद स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्दछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३.आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :-** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

(क) **सरकारी वा सामुदायिकः** सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र, शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, आयुर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन ।

(ख) **निजीः** निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) **ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः** ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

**४.स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड :-** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

**५.नगर स्वास्थ्य समिति गठन, काम, कर्तव्य र अधिकार :-**

(१) उप-महानगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख समन्वय र व्यवस्थापन गर्न नगर स्वास्थ्य समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छः।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उप-प्रमुख - सदस्य

(ग) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(घ) नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ङ) स्वास्थ्य क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी नगर प्रमुखले तोकेको १ जना - सदस्य

(च) महिला सामुदायक स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(छ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(ज) कार्यपालिकाको सदस्यहरु मध्येवाट कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना - सदस्य

(झ) उप-महानगरपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**(२) नगर स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः**

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य योजना तयार गर्ने ।

(ख) उप-महानगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी उप-महा नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जटुाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहँचु भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**<u>६. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार :-</u>**

**(१)** प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिने छ । उप- महानगरपालिका प्रमुख संरक्षक रहनेछ ।

(क) सम्वन्धित वडाको वडा अध्यक्ष -अध्यक्ष

(ख) समितिले मनोनित गरेको निर्वाचित वडा महिला सदस्यहरु मध्येबाट एक जना महिला -उपाध्यक्ष

(ग) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयको प्रधानाध्यापक १ जना -सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिव -सदस्य

(ङ) समितिले मनोनित गरेको स्थानीय ब्यापार संघको प्रतिनिधि -सदस्य

(च) समितिले मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एक जना -सदस्य

(छ) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख -सदस्य सचिव

यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि शहरी स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीको कार्यक्षेत्रका स्वास्थ्य संस्था रहेका वडा भन्दा वाहेकका वडा अध्यक्षहरु पदेन सदस्य रहनेछन ।

**(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तब्य निम्नानुसार हुनेछन् :**

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत उप-महानगरपालिकामा पेश गर्ने।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने।

(ग) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने।

(ङ) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

**७. बैंक खाता सञ्चालनः-** हरेक स्वास्थ्य संस्थाले वैंक खाता खोल्न सक्नेछ ।

(१) स्वास्थ्य संस्थाको वैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण उप- महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

**८.अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड :-**

(१) **अस्पताल :** उप-महानगरपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न उप-महानगरपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) **स्वास्थ्य चौकी :** उप-महानगरपालिकाले प्रत्येक वडा अर्थात् जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन गर्नुपर्नेछ ।

(क) जनशक्तिः नेपाल सरकारबाट तोकिएको न्यूनतम मापदण्ड बमोजिमको दरबन्दी अनुसारको जनशक्ति रहने छ । आवश्यकता अनुसार उप महानगरपालिकाको थप मापदण्ड र जनशक्ति थप गर्न सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

(ग) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरण आदि ।

(३) **आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र :** उप-महानगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँको साझेदारीमा वा उप-महानगरपालिका आफैंले कम्तीमा एउटा आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

(क) जनशक्ति नेपाल सरकारबाट तोकिएको दरवन्दी अनुसारको जनशक्ति हुनेछ । उप- महानगरपालिकाले थप जनशक्ति तोक्न सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्वकर्म कक्ष जस्ता सुविधा सहितको भवन ।

**९. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने ।**

(१) उप-महानगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैया सम्मको सञ्चालन अनुमति उप-महानगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा उप-महानगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्नेगरी आशय-पत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले दुई बर्षभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।



धनगढी उप-महानगरपालिका राजपत्र

(७) आशयपत्रमा उल्लेख गरिएको समयसीमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिने छैन ।

(८) उप-महानगरपालिकाले नगर क्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न सक्नेछ ।

**१०. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड :-**

उप-महानगरपालिकाको स्वीकृतिमा सञ्चालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्तिः कम्तीमा २ जना एमविविएस डाक्टर, कम्तीमा ४ जना स्टाफ नर्स, कम्तीमा एक जना ल्याव टेक्निसियन/ ल्याव असिष्टेन्ट, ४ जना स्वास्थ्य सहायक, ४ जना अ.हे.व., ३ जना अ.न.मी र ४ जना कार्यालय सहयोगी ।

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, फार्मेसी हुनुपर्ने ।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

(४) अन्य पूर्वाधारहरु तोकिए बमोजिम हुनेछ ।

(५) उप महानगरपालिकाले थप मापदण्ड तोकी लागु गर्न सक्नेछ ।

**११. क्लिनिक/पोलिक्लिनिक सञ्चालनको अनुमति :-**

(१) उप-महानगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले क्लिनिक/पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृति लिनु पर्नेछ ।

**१२.मेडिकल प्रयोगशाला सञ्चालन :-** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित उप-महानगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र,

(२) प्रयोगशाला सञ्चालन गर्ने स्थान, घरधनी र संचालक बीचको घरभाडा सम्बन्धी संझौता पत्र,

(३) प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र,

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार,

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण ,

(६) प्रस्तावित लागत,

**<u>१३.फार्मेसी सञ्चालनको अनुमति :-</u>** फार्मेसी सञ्चालन गर्ने व्यक्ति वा फर्मले उप-महानगरपालिकामा अनुमतिको लागि निवेदन पेश गर्दा तोकिएको मापदण्ड पूरा गरी औषधी व्यवस्था बिभागबाट स्वीकृति लिएको फार्मेसी सञ्चालन अनुमतिपत्र पेश गर्नुपर्नेछ ।

**<u>१४.मापदण्ड पूरा नगरेमा सजाय हुने :-</u>**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, तोकिए बमोजिम जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि उप-महानगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइनेछ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र फार्मेसी प्राविधिकबाहेक अरुले औषधी बेचेको पाइएमा तोकिए बमोजिम जरिवाना तिराउनेदेखि अनुमति खारेज गर्न सकिनेछ ।

**<u>१५.सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने :-</u>** निजी लगानी र ट्रष्ट मार्फत् सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले कूल शैयाको कम्तीमा १० प्रतिशत शैया उप- महानगरपालिकाको सिफारिसमा तोकिए बमोजिमका सेवाग्राहीहरुका लागि निःशुल्क सेवाका लागि छुट्याउनु पर्नेछ ।

## परिच्छेदः ४

## <u>स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयमसेवा सम्बन्धी व्यवस्था</u>

**<u>१६. स्वास्थ्यकर्मीको व्यवस्थापन :-</u>**

उप-महानगरपालिका भित्रका सरकारी र सामुदायिक स्वास्थ्य संस्थाहरुमार्फत् आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ३ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायीः उप-महानगरपालिकाको सेवामा रहेका, नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु,

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा उप-महानगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु,

(३) महिला स्वास्थ्य स्वयंसेविकाहरु,

**१७. महिला सामुदायक स्वास्थ्य स्वयंसेविकाहरुको व्यबस्थापन :-** स्वास्थ्य सेवालाई घरघरको पहँचुमा पुऱ्याउन र जनचेतना फैलाउन उप-महानगरपालिकाले स्वास्थ्य आमा समुहको छनौटमा वडा समितिको सिफारिसमा महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ ।

(१) महिला सामुदायक स्वास्थ्य स्वयंसेविका नियूक्तिका लागि २५ वर्ष पुरा भई ४५ वर्ष ननाघेका सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा प्रति १००० जनसंख्याको लागि १ जना महिला सामुदायक स्वास्थ्य स्वयंसेविकाको सिफारिस स्वास्थ्य आमा समुह र वडा समितिले उप- महानगरपालिका समक्ष गर्नसक्ने छ

(३) प्रत्येक स्वयंसेविकाले आधारभूत स्वास्थ्य सम्वन्धी १० दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । उप-महानगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यस भन्दा पहिलेदेखि नै कार्यरत महिला सामुदायक स्वास्थ्य स्वयंसेविकाहरु ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (SEE) उतिर्ण वा सो सरहलाई मात्र नियुक्ति दिइने छ ।

(५) कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारी, शिक्षक, निर्वाचित जनप्रतिनिधिले महिला सामुदायक स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाइने छैन ।

**१८.स्वास्थ्यकर्मीको सेवा सुविधा :-**

(१) स्थायी स्वास्थ्यकर्मी: नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव र नगर कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मी: प्रचलित तलब स्केल र दुई पक्षबीचको समभ्दारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) महिला सामुदायक स्वास्थ्य स्वयंसेविका : पोशाक, वार्षिक रुपमा तोकिए बमोजिम सञ्चार तथा यातायात खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको तोकिए बमोजिमको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

**१९.स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्ति :-** सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको न्यूनतम दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजन भई नआएमा वा थप कर्मचारीको आवश्यकता परेमा उप-महानगरपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(२) करार सेवामा कर्मचारीको नियुक्ति धनगढी उप-महानगरपालिकाको करारमा प्राविधिक कर्मचारी नियुक्ति गर्ने कार्यविधि बमोजिम हुनेछ ।

**२०.कर्मचारी सरुवा :-** स्वास्थ्यकर्मीहरुको उप-महानगरपालिका भित्रको आन्तरिक सरुवा धनगढी उप-महानगरपालिकाको कार्यालयवाट हुनेछ ।

**२१.कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने :-** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(१) प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृत, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२२. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार :-**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नुपर्दछ ।

(२) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद: ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२३.वार्षिक खरिद योजना बनाउनु पर्ने :-**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

**२४.औषधी तथा स्वास्थ्य उपकरण खरिद :-**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि खरिद इकाईको समन्वयमा उप-महानगरपालिका स्वास्थ्य शाखाले प्रक्रिया अघि वढाउनेछ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानूनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

**२५.औषधी तथा स्वाथ्य उपकरणको भण्डारण :-**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था उप-महानगरपालिका जिन्सी शाखा र स्वास्थ्य शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधिको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण स्थानिय स्वास्थ्य संस्थाले माग गरे वमोजिम ३०% मा नवढाइकन गर्नुपर्ने छ ।

(३) सम्वन्धित स्वास्थ्य संस्थाले उप-महानगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र उप-महानगरपालिकाको जिन्सी शाखा र स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

## परिच्छेद -६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :-**

(१) उप-महानगरपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत् निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**२७. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन :-**

(१) उप-महानगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

## परिच्छेद- ७

## महामारी रोकथाम, फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**२८. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने :-**

(१) स्थानीयस्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ७ दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनुपर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र उप-महानगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**२९.महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने :-**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा उप-महानगरपालिकाले सो को प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउनसक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(३) महामारी नियन्त्रण सम्बन्धी संघिय सरकारको महामारी नियन्त्रण सम्बन्धी नियन्त्रण अनुसार ऐन कानुन बनाइ स्थानिय रुपमा लागु गर्न सक्नेछ।

**३०. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :-**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि उप-महानगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइनेछ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, स्वास्थ्य संस्था ,हाटवजार जस्ता क्षेत्रहरुको ३०० मिटर भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा उप- महानगरपालिकाले कारवाही गर्नसक्नेछ ।

**३१. स्वास्थ्यसंस्था जन्य फोहरमैला व्यवस्थापन :-**

(१) उप-महानगरपालिका स्वास्थ्य शाखाले स्वास्थ्यसंस्थाबाट उत्पादन हुने औषधी तथा मेडिकलजन्य फोहोरमैला व्यवस्थापनको निम्ती मापदण्डसहितको आवश्यक निर्देशिका बनाई लागू गर्नसक्नेछ ।

(२) उप-महानगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्यसंस्थाहरुमा औषधी तथा मेडिकलजन्य फोहरमैला व्यवस्थापनको लागि अनिवार्य रुपमा वार्षिक कार्ययोजना बनाई सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

## परिच्छेद ८

## आकस्मिक स्वास्थ्य सेवा

**३२.आकस्मिक स्वास्थ्य सेवाबाट बन्देज नगरिने :**

(१) नगरपालिका क्षेत्रमा संचालिन कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि विरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्य कर्मीले आवश्यकता अनुसार कुनै पनि व्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मिको कर्तव्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि विरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गिकरण गरी प्राथमीकता तोकी उपचार गर्न सक्ने छ ।

(४) उपदफा (१) को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि नगरपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ ।

**३३. एम्बुलेन्स सेवा:**

(१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासंगको सहकार्यमा एम्बुलेस सेवा संचालन गर्ने छ ।

(२) शाखाले नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरु नेपाल सरकार/स्थानिय तहले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन तथा नियमन गर्नेछ ।

(३) नगरपालिका क्षेत्र भित्र आधिरित भई संचालन हुने एम्बुलेन्सहरु संचालकले धनगढी उप-महानगरपालिकामा दर्ता तथा वार्षिक नविकरण गराउनुपर्ने छ । साथै दररेट नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता तथा नविकरण नभएका एम्वुलेन्स कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

# परिच्छेद -९

## विविध

**३४.प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस :-**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र उप-महानगरपालिकाबाट सिफारिस लिनुपर्ने छ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि उप-महानगरपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३५. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :-** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरको अभियानलाई उप-महानगरपालिका स्वास्थ्य शाखाले समन्वय गर्ने छ ।

**३६.** स्वास्थ्य आमा समूह, धामीझाक्री,गुरुवा सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई धनगढी उप-महानगरपालिकाले अनुगमन र नियमन गर्नेछ ।

**३७.** उप-महानगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा उप-महानगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

**३८.** उप-महानगरपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**३९. पुनरावेदन :-** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**४०. प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्यको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

**४१. नियम बनाउने अधिकार :** (१) यस ऐनको कार्यान्वयन गर्नका लागि धनगढी उप-महानगरपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४२. **निर्देशिक,कार्यविधि र मापदण्ड बनाउन सक्ने** : यस ऐन तथा ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयन गर्नका लागि धनगढी उप-महानगरपालिकाले आवश्यक निर्देशिका, कार्यबिधि तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**४३.संक्रमणकालीन व्यवस्था:-** यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म धनगढी उप-महानगरपालिका नगरकार्यपालिकाले गर्न सक्नेछ ।

**४४.बाधा अडकाउ फुकाउने अधिकार :-** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा- अड्काउ परेमा उप-महानगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ। तर यस्तो आदेश नगरसभाले अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ।

**४५. बचाउ र लागू हुने :-**

(१) यो ऐन वा यो ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

**आज्ञाले,**

...........................

**हरि बहादुर चन्द**

**प्रमुख प्रशासकिय अधिकृत**

**धनगढी उप महानगरपालीका**

धनगढी उप-महानगरपालिका राजपत्र